# झिमरुक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## भ्यागुते,प्यूठान
## लुम्बिनी प्रदेश,नेपाल

झिमरुक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भ्यागुते, प्यूठान लुम्बिनी प्रदेश, नेपाल


प.स.: -२०७९/०८० मिति :- २०७९/ ०७/ ०६

च.नं / सूचना नं. : -

**निर्वाचन आचार संहिता पालन गर्ने सम्वन्धी सूचना।**

प्रस्तुत विषयमा संवत् २०७९ साल मंसिर ४ गते हुने प्रतिनिधी सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनलाई स्वतन्त्र, निश्पक्ष एवं धाँधलीरहित वनाउने सन्दभमा निर्वाचन आयोग केन्द्रिय अनुगमन समितिको बैठकले निर्वाचन आचारसंहिता, २०७९ पालना सम्वन्धमा गरेको निर्देशन बमोजिम यस झिमरुक गाउँपालिकाभित्र आचारसंहिताको पूर्ण पालनाको लागि निर्वाचन आचारसंहिता स्थानीय अनुगमन समितिको मिति २०७९/०७/०२ गतेको बैठकबाट देहाय बमोजिम निर्णय भएको व्यहोरा सम्वन्धित सबैको जानकारीका लागि अनुरोध छ। अन्यथा भएमा निर्वाचन आयोग ऐन, २०७३, निर्वाचन (कसुर सजाय) ऐन, २०७३, निर्वाचन आचारसंहिता, २०७९ तथा प्रचलित कानून वमोजिम कारवाही हुने व्यहोरा अनुरोध छ।

**देहाय**

१. कुनै कर्मचारी, सुरक्षाकर्मी तथा विद्यालय वा विश्वविद्यालयका शिक्षक, प्राध्यापकहरूले राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुने वा प्रचारप्रसार गर्न नहुने।

२. कुनै कर्मचारी, सुरक्षाकर्मी तथा विद्यालय वा विश्वविद्यालयका शिक्षक, प्राध्यापकहरूले सामाजिक सञ्जालमा राजनितिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना प्रचारप्रसारका सामाग्री पोष्ट वा शेयर गर्ने वा सामाजिक सञ्जालमार्फत मत माग्ने तथा टिप्पणी गर्ने कार्य गर्न नहुने।

३. कुनै राजनैतिक दलको झण्डाको वा दल वा उम्मेदवारको चुनाव चिन्हको तोरण बनाई प्रदर्शन गर्न वा गराउन नहुने।

४. कसैको निजी घर जग्गा वा सार्वजनिक भवन, सार्वजनिक उद्यान, सार्वजनिक सडक, पोल वा कुनै पनि सार्वजनिक स्थानमा दलको झण्डा दल वा निर्वाचन चिन्ह राख्न वा टाँस्न नहुने।

५. निर्वाचन प्रचारप्रसार, आमसभा तथा जुलुसमा बालबालिकाको प्रयोग गर्न गराउन नहुने।

२०७९।७।६

..........................

सुवाश रिजाल

प्रमुख प्रशासकीय अधिकृत